राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

वर्ष–१६ ।। अङ्क : ५६ ॥ २०८० चैत्र १९ गते सोमबार (1st Apr 2024 Monday) | **Pratidin** National Daily | मूल्य–रु.५/–

**शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं**

- वनमात्र खुल्ला स्थानमा दिसापिसाब नगरौं।
- शौचालयमा मात्र दिसापिसाब गरौं।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं।
- हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं।
- सफा कपडा वा तौलियाले हात पुछौं।

जीवाणुलगायतको संक्रमणबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रहरी प्रशासनकै सामुन्ने प्रतिबन्धित आतशवाजी

झापा(प्रस)।

**घटना नं १**

बिर्तामोड ५ का मिगेन्द्र लिङ्देनले गत फागुन १४ गते आफ्नो ५० औं वैवाहिक वर्षगाँठ मनाए। धुमधामका साथ आफ्नै घरमा वर्षगाँठ मनाएका उनले प्रहरी प्रशासनकै अगाडि राति पटेकासहित ठूलो आवाजमा आतशवाजी गराए । इलाका प्रहरी कार्यालय बिर्तामोडका तत्कालीन डीएसपी सुरज कार्की रमिते भएर बसे। प्रतिबन्धित आतशवाजी गर्नका लागि रोक्ने प्रयास भएन, गरिसकेपछि पनि लिङ्देनसंग सोधपुछ गर्ने हिम्मतसमेत प्रहरी प्रशासनले गरेन ।

**घटना नं २**

गत फागुन २८ गते छैटौ झापा गोल्डकपको समापनका दिन बिर्तामोड ३ स्थित डोमालाल राजवंशी रंगशालामा ठूलो तामझाम गरियो । विजेता टीम र खेलाडीलाई पुरस्कार वितरण गरिसकेपछि आतशवाजी गरेरै आयोजकहरुले हर्षोल्लास मनाए। प्रतिनिधिसभा सदस्य विश्वप्रकाश शर्मा, कोशी प्रदेश खेलकुद विकास बोर्डका सदस्य सचिव हंशराज वाग्ले, एन्फा अध्यक्ष पंकज नेम्वाङ, अन्तर्राष्ट्रिय झापाली समाजका अध्यक्ष मुकुन्द ढुंगाना, गोल्डकपका अध्यक्ष विनोद बस्नेत, पूर्वअध्यक्षहरु जलकुमार गुरुङ, महेन्द्रकुमार गिरीसहितको उपस्थितिमा आतशवाजी भइरहँदा स्वयं उपस्थित रहेका सुरक्षा निकायका अधिकारीहरु मुकदर्शक भएर बसे ।

**घटना नं ३**



चैत १७ गते राति ११:३० बजे दमकको नेपालीरिका होटलमा आतशवाजी गरेर आतंकित पार्ने काम भयो। सर्वसाधारणहरु आफ्ना काम सकेर सुत्न लागेको र कोही गहिरो निन्द्रामा परेको बेलामा ठूलो आवाजका साथ होटलमा आतशवाजी गरियो । होटलमा भब्य पार्टीको आयोजना गरिएको र पार्टीमा रमाउने क्रममा पटेका पड्काएका रहेछन् ।

दशैतिहार आउन लागेपछि प्रहरी प्रशासनले सार्वजनिक सूचना जारी गरेर पटेकालगायतका आतशवाजी वस्तु बेचबिखन र प्रयोग गरे कार्वाही गर्ने चेतावनी दिने गर्छ। जिल्ला प्रशासन कार्यालयले सूचना नै जारी गरी पटेका पड्काउने वा बिक्री वितरण गरेको पाइएमा पक्राउ गरी कारवाही गर्ने चेतावनी दिने गरेको हो । ऐनअनुसार कडा विस्फोटक पदार्थ भेटिए १० वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिवाना हुन्छ । नरम विस्फोटक पदार्थ भेटिए ५ वर्षसम्म कैद र ५० हजार रुपैयाँ जरिवाना र सामान्य प्रकारको विस्फोटक पदार्थ भए ३ वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ। यसैगरी विस्फोटक पदार्थ उत्पादन वा निर्माण गर्ने र कारोबार गर्नेलाई दुई वर्षसम्म कैद र २० हजार रुपैयाँ जरिवाना हुने व्यवस्था छ । ऐनमा यति व्यवस्था हुँदाहुँदै र सर्वसाधारणलाई कडिकडाउ गर्ने गरेको प्रहरी प्रशासनले पटेकाजस्ता आतशवाजी वस्तुको प्रयोग सार्वजनिक कार्यक्रममा भइरहँदा मुकदर्शक भएर बसिदिने गरेको छ। प्रहरी प्रशासनकै सामुन्ने ती आतशवाजी वस्तु पड्काउँदासमेत कानून कार्यान्वयन गर्ने जिम्मेवारी पाएका सुरक्षा अधिकारीहरु अनदेखा गर्ने गरेको गुनासो व्याप्त छन् ।

नेपालमा पटेकाजन्य सामग्री ल्याउन, प्रयोग गर्न पूर्ण प्रतिबन्ध छ। तर यो अति प्रज्वलनशील चर्को आवाज दिने पटेका भारतबाट भित्र्याइदा प्रहरीबाट रोकटोक भएको पाईदैन। दमकमा शनिवार राति बम वा बन्दुक पड्केजस्तो ठूलो आवाज आएपछि भय र त्रास पैदा भएको छ । दमक उद्योग बाणिज्य संघका अध्यक्ष गोपाल गुरागाईले सामाजिक सञ्जालमा लेखेका छन्,‘ मध्यरातमा गृह प्रशासनलाई च्यालेन्ज, ठुला बडालाई कानुन नलाग्ने, दमक आज ठूलो दुर्घटनाबाट बच्यो। ’

दमकका युवा नेता राम पौड्यालले यस्तो कार्य गर्नेलाई कार्वाही गर्न माग गरेका छन् ।

उनले सामाजिक सञ्जालमा लेखेका छन् ,‘मध्यरातमा एकदम त्रसित अवस्था भयो , के यसो गर्न छुट हो? प्रशासनले अनुसन्धान गरी फटाहालाई कार्वाही होस् ।’ प्रहरी प्रशासनले प्रतिबन्धित आतशवाजीलाई बेवास्ता गरेको कुरालाई झापाका प्रहरी प्रमुख मिलन केसीले अस्वीकार गरेका छन् । उनले संझाउँदा बुझाउँदा पनि आतशवाजी हुने गरेको स्वीकारे । झापा गोल्डकपको समापनमा आतशवाजी गर्ने कुरा आफूहरुलाई थाहा नभएको र गरिसकेपछि बोलाएर त्यसो नगरिदिएको भए हुन्थ्यो भनेर आयोजकलाई भनेको उनले जानकारी दिए। इलाका प्रहरी कार्यालय दमकले नेपालरिका होटलमा गरिएको आतशवाजीका सम्बन्धमा एकजनालाई नियन्त्रणमा लिएको छ।

## दुर्घटनामा मृत्यु हुनेमा मोटरसाइकलका सबैभन्दा बढी

- **लक्ष्मी उप्रेती**

मेचीनगर । झापा जिल्लामा दुर्घटनाका कारण मृत्यु हुने आधाभन्दा बढी मोटरसाइकलसँग सम्बन्धित रहेको तथ्यांकले देखाएको छ। जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका अनुसार चालु आर्थिक वर्ष २०८०/०८१ को आठ महिनामा जिल्लामा मोटरसाइकल दुर्घटनामा परी मृत्यु हुनेको संख्या ३९ रहेको छ।

चालु आर्थिक वर्षको फागुन मसान्तसम्ममा सवारी दुर्घटनामा मृत्यु भएका ५३ मध्ये ३९ जनाको मोटरसाइकल दुर्घटनाका कारण ज्यान गएको कार्यालयका प्रहरी नायव निरीक्षक पूर्ण गौतमले जानकारी दिए । उनका अनुसार, चालु आवमा भएका दुर्घटनामा परी निधन भएकामध्ये ३९ जना स्वयम् मोटरसाइकल चालक र त्यसमा सवार रहेका थिए । मोटरसाइकल ठक्कर दिएर मृत्यु र घाईते भएका पैदलयात्रीको अभिलेख यसमा संलग्न नभएको कार्यालयले जनाएको छ ।

मोटरसाइकल आफैंमा मात्र होइन, अरूका लागि पनि असुरक्षित सवारी देखिएको प्रहरीले जनाएको छ । मोटरसाइकल दुर्घटनामा पर्नेहरु २० देखि ४० वर्ष उमेर समूहका रहेको कार्यालयले जनाएको छ। ‘ मोटरसाइकल दुर्घटनामा परी ज्यान गुमाउने पनि कलिलै उमेरका बढी रहेका छन्’ एकजना प्रहरीले भने,‘ क्षमताभन्दा बढी चढ्ने अनि तीव्र गतिमा चलाउने गरेका कारण दुर्घटना हुने गरेको छ। अझ हेल्मेट नलगाई

❖ बाँकी अन्तिम पृष्ठमा

## ट्र्याक्टर दुर्घटनामा बुद्धशान्तिका लिम्बूको मृत्यु

झापा(प्रस)। खोटाङको बराहपोखरी गाउँपालिका-१ बराहपोखरीमा भएको ट्र्याक्टर दुर्घटनामा झापा बुद्धशान्ति गाउँपालिका-४ शान्तिनगरका २८ वर्षीय अमृत लिम्बूको मृत्यु भएको छ। बराहपोखरीको भिरगाउँस्थित रुम्दुबाट रसुवाघाटतर्फ खयरको काठ लिएर गइरहेको मे १ त ८५९७ नम्बरको ट्र्याक्टर शनिवार साँझ साढे पाँच बजे दुर्घटना हुँदा चालक लिम्बूको मृत्यु भएको हो ।ट्र्याक्टर सडकभन्दा करिब सात सय मिटर तल खसेको प्रहरीले जनाएको छ।

लिम्बूको शव सडकदेखि करिब पाँच सय मिटर तल भिरमा फेला परेको प्रहरीले जनाएको छ। ट्र्याक्टरमा सवार बराहपोखरीका २४ वर्षीय मुकेश मगर घाइते भएका छन्। उनको टाउको र शरीरका विभिन्न ठाउँमा चोट लागेको छ।

## बिरिङ पुलमा दुर्घटना हुँदा बालकको मृत्यु

बिर्तामोड(प्रस)। चारजना सवार मोटरसाइकल झापाको कनकाई नगरपालिका-८ स्थित बिरिङ पुलमा दुर्घटना हुँदा एकजना बालकको मृत्यु भएको छ। शनिवार दिउँसो ४:४५ बजे लक्ष्मीपुरबाट सुरुङ्गातर्फ जाँदै गरेको प्रदेश-१-०१-०१२ प ५७७० नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भई दुर्घटना भएको थियो ।दुर्घटनामा मोटरसाइकल चालक झापा मेचीनगर-९ का ३८ वर्षीय गोपाल महत, मोटरसाइकलमा पछाडि बसेकी कमल गाउँपालिका-३ की २७ वर्षीया पूर्णिमा भण्डारी, उनका छोराहरु ८ वर्षीय प्रशान्त भण्डारी र ८ महिनाको प्रशान भण्डारी घाइते भएका थिए। दुर्घटनामा घाइते भएका ८ वर्षीय प्रशान्त भण्डारीको बीएण्डसी अस्पताल बिर्तामोडमा उपचारको क्रममा साँझ ५.४० बजे मृत्यु भएको हो। अन्य घाइतेहरुको सोही अस्पतालमा उपचार भइरहेको छ। घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ।

त्यस्तै झापाको कमल गाउँपालिका ५ सितापुरीस्थित पूर्वपश्चिम राजमार्गमा शनिवार साँझ दुईवटा मोटरसाइकल एकापसमा ठक्कर खाँदा पाँचजना घाइते भएका छन्।

साँझ अन्दाजी ७.३० बजेको समयमा पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको प्रदेश १-०१-०१६

❖ बाँकी अन्तिम पृष्ठमा

# किचकबधको उत्खनन्मा भेटियो ऐतिहासिक दरबार

- **द्रोण अधिकारी**

भद्रपुर । दक्षिणी झापामा रहेको धार्मिक तथा ऐतिहासिक स्थल किचकबधको सातौं उत्खनन् पूरा भएको छ।

भद्रपुर ३ पृथ्वीनगरस्थित देउनिया तथा मेची नदीको किनारमा रहेको ऐतिहासिक तथा धार्मिकस्थल किचकबधको ऐतिहासिकता प्रमाणित गर्न पुरातत्व विभागको टोलीले सातौं पटक उत्खनन्को काम पूरा गरेको हो।

२०५८ सालमा पहिलो पटक पुरातत्वविद उद्धव आचार्यको नेतृत्व टोलीले उत्खनन् गरेको थियो भने निरन्तर सातौं पटकसम्मको उत्खनन्को नेतृत्व पुरातत्व विभागका उनै आचार्यले गरेका छन् । केही वर्ष अगाडि पुरातत्व विभागबाट सेवानिवृत्त भएका आचार्यले यस पटक नयाँ अधिकृत नवराज अधिकारीसहितको टोली लिएर १७ दिनसम्म उत्खनन् गर्दा एउटा पूर्ण दरबारको ऐतिहासिकता दर्शाउने भग्नावशेष मात्र फेला परेको विज्ञ आचार्यको भनाइ छ।

सातौं पटकसम्मको उत्खननमा आइपुग्दा उत्तरपूर्वमा एउटा बहुतले ठूलो भवन, ठूलो भवनकै केही दक्षिणमा अर्को भवन,



सोही भवनकै उत्तरपश्चिम छेउमा सेन्ट्री बस्नेसहितको भवन, सोही भवनको केही पश्चिमदक्षिण अर्को बहुतले भवन र यी ४ वटा भवनको दक्षिणतिर २ सय फुटको दूरीमा सुरक्षा प्रमुखसहित अरू सुरक्षाकर्मी बस्ने शैलीको अर्को दुई तले भवन गरी ५ वटा भवनका संरचना फेला परेको विज्ञ आचार्यको भनाइ छ।

आचार्यका अनुसार यसअघिका उत्खनन् बाट फेला परेका पुरातात्विक सामग्रीहरूको वैज्ञानिक परीक्षणबाट इशापूर्व प्रथम शताव्दीतिरको मानव सभ्यतासित गाँसिएका सामग्री प्रमाणित भएको थियो । यस आधारमा किचकबधको ऐतिहासिकता २२ सय वर्ष पुरानो भएको पाइएको आचार्यले जानकारी दिए । पुरातत्वविद आचार्यका अनुसार भारतमा शुँग कुषाण काल चलेको समयमा यसस्थलमा पनि कुनै शासकको दरबार र किल्ला रहेको हुन सक्छ। पाँचौं शताव्दीसम्म अर्थात भारतको गुप्तकालसम्म कायम रहेको अनुमान छ। त्यस समयमा यस क्षेत्रमा आएको प्राकृतिक विपत्तिका कारण यो स्थल ध्वस्त भएको हुन सक्ने फ्रेन्च भूगर्भविदको अध्ययनले देखाएको पुरातत्वविद आचार्यले सुनाए।

यसपटकको उत्खनन् उत्तरपूर्वी कुनामा मन्दिर रहेको क्षेत्रमा भएको छ । उत्खनन् भएको क्षेत्रको पश्चिममा रहेको संरचना भत्काउनु पर्नेमा अहिलेसम्म भत्काइएको छैन। जसका कारण उत्खनन्को काम प्रभावित भइरहेको छ। दुई वटा मन्दिर हटाइएको क्षेत्रमा मात्र यस पटक उत्खनन् गरिएको छ । उत्खनन् भएको स्थानमा कतिपय वस्तु मन्दिर निर्माणका कारण नष्ट भएको देखिन्छ भने नयाँ वस्तु फेला पर्न सकेको छैन । एउटा दरबारको भग्नावशेष मात्र भेटिएको छ । यसअघि भेटिएका भवनकै आकारको भग्नावशेष नै यस पटकको उपलब्धी बनेको उत्खनन्मा सहभागी टोलीको भनाइ छ।

आचार्यले उत्खनन् गरिएका संरक्षित स्थानमा मान्छेले टेकेर हिँडन नहुने बताए । यस स्थानमा मानिसको आवत जावतले संरक्षित अवशेष भत्किने गरेको पाइएको छ। संरक्षण समितिले सुरक्षित राख्न सक्ने हो भने मात्र यसको ऐतिहासिकता सुरक्षित रहने आचार्यको भनाइ छ।

उत्खनन्का लागि सेवानिवृत्त विज्ञ आचार्यसित पुरातत्व विभागका अधिकृत नवराज अधिकारीले पहिलो पटक सहभागिता जनाएका छन्। चैत २ गतेबाट सुरु भएको उत्खनन् १८ गते समापन भएको छ भने उत्खनन् भएको क्षेत्र २५ गतेभित्र सुरक्षित गरेर टोली फर्कने कार्यतालिका रहेको आचार्यले जानकारी दिए।

यसपटक पुरातत्वविद आचार्यको नेतृत्वमा पुरातत्व विभागका अधिकृत नवराज अधिकारी, इन्जिनियर रोशनी महर्जन, प्राविधिक सहायक महेशबाबु शर्मा राजोपाध्याय र फोटोग्राफर राजन पौडेलले उत्खनन् गरेका छन्।

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्याष्ट्रिक, अल्सर जन्डिस, हेपटाईटिस रोग
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, काठमाडौंबाट

**डा. दिपायन पाण्डे, MD**
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार

**डा. आलोक झा, MD**
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समय: प्रत्येक महिनाको पहिलो शनिबार

**डा. केशव कु. मण्डल, MD**
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समय: दैनिक सेवा

**डा. प्रेम ब. शाही, MS, FISS**
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरुदण्ड सर्जन
समय: दैनिक सेवा

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
विशेषज्ञ - मधुमेह, थाइराईड, हर्मोन रोग । समय: दैनिक सेवा

**डा.धिरज ताम्राकार, MD**
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समय: दैनिक सेवा

**डा. धिरज गिरी, MS**
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समय: दैनिक सेवा

**प्रा. डा. अरूण सेढाई, MD, DM**
प्रमुख विशेषज्ञ - मृगौला (किड्नी), पिसाब रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
प्रमुख विशेषज्ञ - मेरूदण्ड (स्पाइन), गर्धन, कम्मर, नशा, ढाँड रोग/सर्जन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

**डा. धर्मागत भट्टराई, MD, DM**
प्रमुख विशेषज्ञ - बाल बाथरोग, एलर्जी तथा रोग प्रतिरक्षा (इम्युनिटी) रोग
समय: प्रत्येक महिना इम्युनोकेयर सेन्टरबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
प्रमुख विशेषज्ञ - बाथरोग तथा (युरिक एसिड), जोर्नी रोग
समय: प्रत्येक महिना न्यूरो हस्पिटलबाट

स्वास्थ्य सेवामा सँगसँगै
जिवनरक्षा
**जिवनरक्षा पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.**
बिर्तामोड-४, भद्रपुररोड, झापा (यामाहा शोरुम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि. हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

# पण्डितसहित ६ जनाविरूद्ध भ्रष्टाचार मुद्दा

झापा(प्रस) । स्वास्थ्य सामग्री खरिद गर्दा भ्रष्टाचार गरेको आरोपमा मेडिकल व्यवसायी विशाल पण्डितसहित ६ जनाविरूद्ध मुद्दा दर्ता भएको छ।



अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आइतबार ६ जनाविरूद्ध विशेष अदालतमा भ्रष्टाचारको मुद्दा दर्ता गरेको प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए।

मोरङको कोशी अस्पताल कोभिड-१९ केन्द्र, विराटनगरमा 'हाई डिपेन्डेन्सी युनिट (एचडियू) जडान तथा सञ्चालन गर्न सामग्री खरिदका लागि स्वास्थ्य निर्देशनालय, धनकुटाले बोलपत्र आह्वान गरेको थियो। तर बोलपत्रमा न्यून कबोल गर्नेलाई छनौट नगरी अनियमितता गरेको भन्दै उजुरी परेको थियो। त्यसमाथि अनुसन्धान गरी अख्तियारले ६ जनाविरूद्ध मुद्दा दायर गरेको हो।

एचडियूको उपकरण खरिद मूल्यांकन समितिका संयोजक तथा स्वास्थ्य निर्देशनालय धनकुटाका तत्कालीन निर्देशन चन्द्रदेव मेहता, समिति सदस्य तथा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र विराटनगरका बायोमेडिकल इन्जिनियर कुशल दाहाल, स्वास्थ्य निर्देशनालयका लेखा अधिकृत डण्डरसिंह विश्वकर्मा र स्वास्थ्य निर्देशनालयका खोप अधिकृत उदेशकुमार श्रेष्ठविरूद्ध मुद्दा दायर भएको हो।

त्यस्तै अख्तियारले सामग्री बेच्ने हस्पटेक इन्टसरप्राइसेज प्रालि तीनकुनेविरूद्ध मुद्दा दायर गरेको छ। उक्त कम्पनीका संचालक विशाल पण्डित र बजार व्यवस्थापकविरूद्ध पनि अख्तियारले मुद्दा दायर गरेको हो।

अख्तियारले अनुसन्धान गर्दा उनीहरूले दुई करोड ८९ लाख ६६ हजार ५० रुपैयाँ भ्रष्टाचार गरेको प्रवक्ता नरहरि घिमिरेले बताए।

उनीहरूले एचडियू उपकरण खरिदका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ को उपदफा ४(ख) बमोजिम पेश भएका कुनै पनि बोलपत्रहरू सारभूत रूपमा प्रभावग्राही नभएको अवस्थामा पुनः बोलपत्र प्रक्रिया थाल्नुपर्ने थियो। तर त्यसो नगरी स्वास्थ्य निर्देशनालयले बोलपत्र साथ संलग्न गरेको आवश्यक मापदण्ड पूरा गरेको नदेखिएकालाई योग्यता पूरा भएको भनेर मूल्यांकन गरिएको थियो।

त्यस्तै प्राविधिक दृष्टिकोणबाट पनि प्रक्रिया पूरा नभएको बोलपत्रलाई प्रक्रिया पुरा भएको भनेर समितिबाट गलत लिखत तयार गरेको अख्तियारले जनाएको छ।

बोलपत्रमा तीन वटा बोलपत्रदाताहरू थिए। उनीहरूले पेश गर्नुपर्ने कागजातहरू पेश गरेका थिएनन्। पुनः बोलपत्र प्रक्रिया थालनी गर्नुपर्नेमा कोभिड महामारीको विशेष परिस्थिति देखाएर सबै भन्दा कम कबोल गर्ने दातालाई छनौट गर्नुपर्नेमा गैरकानुनी लाभ लिने बदनियतले हस्पिटेक इन्टरप्राइजेज प्रालीलाई छनौट गरेको देखिएको हो।

यसरी दुई करोड ८९ लाख ६६ हजार ५० रुपैयाँ बराबर अस्वाभाविक मूल्य तिरेर खरिद गरेको भन्दै उनीहरूविरूद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार मुद्दा दायर गरेको हो।

# चर्च ब्वाइजलाई इटहरी गोल्डकपको उपाधि

झापा(प्रस)। अन्तर्राष्ट्रिय आमन्त्रण इटहरी गोल्डकप फुटबलको उपाधि काठमाडौंको चर्च ब्वाइज युनाइटेडले हात पारेको छ।

शनिवार राति इटहरी रङ्गशालामा सम्पन्न फाइनल खेलमा अघिल्लो संस्करणको उपविजेता चर्च ब्वाइज युनाइटेडले विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई १-० गोलले पराजित गर्दै उपाधि चुमेको हो। चर्च ब्वाइजले उपाधिसँगै नगद रु १० लाख प्राप्त गरेको छ। उपविजेतामा सीमित भएको आर्मी क्लबले रु पाँच हात पारेको छ।



चर्च ब्वाइजलाई च्याम्पियन बनाउन राजेश परियारले निर्णायक गोल गरेका थिए। उनले खेल प्रारम्भ भएको चौथो मिनेटमा गोल गरेका हुन्।

खेलको प्रारम्भमा नै गोल गरेर अग्रता लिएको चर्च ब्वाइजले अधिकांश समय रक्षात्मक खेलेर विभागीय टोलीलाई अल्मल्याएको थियो। आर्मीका खेलाडीले पाएका गोलका धेरै अवसरलाई सदुपयोग गर्न नसक्दा चर्च ब्वाइज चम्कन सफल भयो। प्रतियोगिताका नायक राजेश नै म्यान अफ दि म्याच घोषित भएर नगद १० हजार पुरस्कार प्राप्त गरे।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी प्रतियोगिता आयोजक राष्ट्रिय जागृति क्लबका प्रवेश दनुवार घोषित भएर नगद रु एक लाख पाए भने उत्कृष्ट डिफेण्डर आर्मीका जितेन्द्र कार्की, उत्कृष्ट गोलरक्षक चर्च ब्वाइजका दीप कार्की, उत्कृष्ट फरवार्ड आर्मीका नवयुग श्रेष्ठ, उत्कृष्ट मिडफिल्डर चर्च ब्वाइजका सुरजज्यु ठकुरी, उत्कृष्ट प्रशिक्षक सोही क्लबका दर्शन भक्तराज घोषित भएका थिए। उनीहरूले पुरस्कारस्वरुप जनही रु २० हजार प्राप्त गरेका छन्। प्रतियोगितामा सर्वाधिक गोल गरेका डिफेन्डिङ च्याम्पियन सगरमाथा युथ क्लब मोरङका विमल घर्ती मगर बने।

आयोजक राष्ट्रिय जागृति क्लबका सुमित चौधरी उदीयमान खेलाडी घोषित भएर फुटबल बुट र मेडल प्राप्त गरे। लामो समयसम्म खेल क्षेत्रमा योगदान पुऱ्याएका इटहरीका उमेश कार्कीलाई नगद ११ हजारसहित पुरस्कृत गरियो। विजेता तथा उपविजेता टिमलाई प्रमुख अतिथि कोशी प्रदेशका सामाजिक विकास मन्त्री राजेन्द्र कार्की, इटहरी उपमहानगरपालिकाका मेयर हेमकर्ण पौडेल, कोशी प्रदेश खेलकुद विकास बोर्डका सदस्य सचिव हंसराज वाग्लेलगायत खेल पदाधिकारीले पुरस्कार प्रदान गरे। यही चैत १० गतेदेखि सुरु भएको प्रतियोगितामा एक भारतीयसहित नेपालका आठ टोलीले भाग लिएका थिए।

# भेट्रान कप: धुलाबारीलाई हराउँदै सी.वी.सी. सेमीफाइलनमा

शिवसताक्षी(प्रस)। झापाको शिवसताक्षीमा जारी प्रदेशस्तरीय नविन राई स्मृति भेट्रान कप फुटबल प्रतियोगिताको आइतबार भएको खेलमा सी.वी.सी. भेट्रान क्लब सेमीफाइलनमा प्रवेश गरेको छ । धुलाबारी भेट्रान क्लबलाई टाइब्रेकरमा ४- २ गोल अन्तरले हराउँदै सी.वी.सी. भेट्रान क्लब चन्द्रगढी सेमीफाइनलमा प्रवेश गरेको हो ।



खेलमा धुलाबारीका तर्फबाट १८ औं मिनेटमा जर्सी नं. ९ का महेश सरकार र जर्सी नं. ११ का सुजन शाक्यले एक-एक गोल गरेका थिए । खेलको २३ औं मिनेटमा सी.वी.सी.का तर्फबाट जर्सी नं. १६ का सुवास खड्काले गोल गरेपछि खेल २-१ को अन्तरमा पुग्यो । खेलको इन्जुरी समयमा सी.वी.सी.का जर्सी नं. १७ का प्रेमकुमार लिम्बू (बी)ले गोल गरेपछि बराबरी भएर खेल टाइब्रेकरमा धकेलिएको हो ।

खेलमा सी.वी.सी.ले पाएको पेनाल्टी सुट गोलपोष्टभन्दा बाहिर गएको थियो । अत्यन्त रोमांचक रहेको खेलमा सी. वी. सी.ले धेरै अवसरहरु गुमाएपनि टाइब्रेकरमा सफलता हात पारेको थियो ।

खेलको म्यान अफ दी म्याच सी.वी.सी.का गोलरक्षक रुपक गुरुङ घोषित भए । उनले नगद २ हजार प्राप्त गरे । खेलको मध्यान्तरमा आइतवारका प्रमुख अतिथि राष्ट्रिय टिमका सह प्रशिक्षक प्रवेश कट्वाललाई आयोजकले नगदसहित सम्मान गरेको थियो । स्व. नविन राईका पितालगायत आयोजक टिमले प्रशिक्षक कट्वाललाई नगद ५ हजारसहित सम्मानपत्र प्रदान गरेका थिए ।

प्रतियोगिता झिलझिलेस्थित गणेशमान सिंह अध्ययन प्रतिष्ठानको खेलमैदानमा सञ्चालन भइरहेको छ । प्रतियोगितामा कोशी प्रदेशका १० वटा टिमले सहभागिता जनाएको आयोजकले जनाएको छ।

प्रतियोगिताको विजेता टिमले नगद ७१ हजार र उपविजेताले नगद ४१ हजारसहित मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गर्ने छन् । सोमबारको खेल पूर्वेली भेट्रान क्लब बिर्तामोड र एभरेष्ट भेट्रान क्लब मोरङबीच हुनेछ ।

## झापामा...

जना, महिला एकजनाको लागि एकजना र युवा एकजनाको लागि एक जनाको मात्रै मनोनयनपत्र दर्ता भएकाले सबै उम्मेदवारहरु निर्विरोध निर्वाचित भएको देखिन्छ ।

यसैगरी बिर्तामोड नगरपालिकाको लागि १० जना जिल्ला सदस्यको कोटा राखिएकोमा खुल्ला पाँच जनाको लागि २२ जना, महिला तीनजनाको लागि ९ जना, पुरुष युवा एकजनाको लागि एकजना र महिला युवा एकजनाको लागि दुई जनाको मनोनयन दर्ता भएको छ ।

मेचीनगर नगरपालिकाले ११ जना जिल्ला सदस्यको कोटा पाएको छ । जस अनुसार खुल्ला सदस्य पदमा ६ जनाको लागि १५ जनाको मनोनयनपत्र दर्ता भएको छ। यस्तै महिला तीनजनाको लागि चारवटा, युवा खुल्ला एक जनाको लागि तीनवटा र युवा महिला एकजनाको लागि एउटा मात्रै मनोनयनपत्र दर्ता भएको छ ।पालिका क्लस्टरअन्तर्गत हल्दीबारी गाउँपालिकाका लागि ४ जना जिल्ला सदस्यको कोटा निर्धारण गरिएको छ। जसमा खुल्ला दुईजना सदस्यको लागि पाँचवटा, महिला एक जनाको लागि तीनवटा र युवा एकजनाका लागि दुईवटा मनोनयनपत्र दर्ता भएको छ ।

यसैगरी बुद्धशान्ति गाउँपालिकाले प्राप्त गरेको छ जना जिल्ला सदस्यको कोटा अनुसार खुल्ला तीनजनाको लागि तीनवटा, महिला दुईजनाको लागि दुईवटा मनोनयनपत्र दर्ता हुँदा उनीहरु निर्विरोध निर्वाचित भएका छन् । तर युवा एकजनाको लागि दुईजनाको मनोनयनपत्र दर्ता भएको छ।

समावेशी क्षेत्रअन्तर्गत दलित खुला तीनजनाको लागि १६ जना, दलित महिला दुईजनाको लागि ७ जना, आदिवासी जनजाति खुला तीन जनाको लागि १० जना, आदिवासी जनजाति महिला दुई जनाको लागि छ जनाको मनोनयनपत्र दर्ता भएको छ ।

यसैगरी मधेसी खुल्ला एकजनाको लागि दुई जना, मुस्लिम खुल्ला एकजनाको लागि एकजना, सिमान्तकृत दुई जनाको लागि ७ जना, मजदुर खुल्ला ३ जनाको लागि ७ जना र मजदुर महिला दुई जनाको लागि एक जनाको मात्रै मनोनयन दर्ता भएको छ। जिल्ला कमिटी सदस्य पदमा अपाङ्गता खुल्ला एक जना सदस्यको लागि दुईवटा मनोनयनपत्र दर्ता भएका छन् ।

जिल्ला कमिटीको कामको मूल्याङ्कन र निगरानी गर्ने एवं लेखा पारदर्शिता अपनाउन नियामकीय भूमिका खेल्ने लेखा कमिटी ७ जनाको रहेको छ। जस अन्तर्गत एकजना अध्यक्षका लागि तीन जना, एकजना उपाध्यक्षको लागि दुई जना, एकजना सचिवको लागि दुई जना, तीन जना खुल्ला सदस्य र एकजना महिला सदस्यको लागि छ जनाको मनोनयन दर्ता भएको छ । सर्वसम्मति नभएका पदहरूमा चैत १९ गते बिहान जिल्ला पार्टी कार्यालयमा मतदान गरी निर्वाचन प्रक्रिया पूरा गर्ने जनाइएको छ ।

## बिरिङ...

प १२८३ नम्बरको मोटरसाइकललाई सोही दिशातर्फ आउँदै गरेको प्रदेश १-०१-०१४ प ६४०३ नम्बरको अर्को मोटरसाइकले ठक्कर दिँदा दुर्घटना भएको थियो । दुर्घटनामा प्रदेश १-०१-०१६ प १२८३ नम्बरको मोटरसाइकल चालक झापा गाउँपालिका ३ बस्ने बर्ष अन्दाजी २४ का सरित सेख, सोही मोटरसाइकल पछाडी झापा गाउँपालिका ४ बस्ने बर्ष अन्दाजी २० का मोहम्मद रसिद र झापा गाउँपालिका ४ बस्ने बर्ष अन्दाजी १८ का मनारुल हक घाइते भएका छन् । त्यस्तै प्रदेश १-०१-०१४ प ६४०३ नम्बरको मोटरसाइकल चालक कमल गाउँपालिका २ बस्ने वर्ष अन्दाजी २५ का काशी अधिकारी र सोही मोटरसाइकल पछाडी सवार कमल गाउँपालिका ४ बस्ने बर्ष अन्दाजी ३० का डिल्लीराम डाँगी घाइते भएका छन् । घाइते पाँचै जनाको लाईफलाईन अस्पताल दमकमा उपचार भईरहेको छ । दुवै मोटरसाइकल प्रहरी चौकी केर्खाको नियन्त्रणमा रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## दुर्घटनामा...

मोटरसाइकल चलाउँदा यात्रा झन् जोखिम हुने, मोटरसाइकल चलाउँदा अनिवार्य हेल्मेट लगाउनु पर्ने भएपनि अधिकांशले हेल्मेट प्रयोग गर्दैनन् ।'

उक्त अवधिमा भएका सवारी दुर्घटनामा ४ सय ६३ सवारीसाधन परेका थिए। ती दुर्घटनामा २ सय ८८ वटा मोटरसाइकल परेको कार्यालयले जनाएको छ। सवैभन्दा बढी कात्तिक महिनामा मोटरसाइकल चालक र सवार गरी १० जनाको मृत्यु भएको कार्यालयको अभिलेखले देखाएको छ । कात्तिकमा ६१ वटा सवारी दुर्घटना हुँदा ५० वटा मोटरसाइकलमात्र छन् । कात्तिक महिनामा दशैं तिहारलगायतका ठूला चाडपर्व परेका कारण बढी दुर्घटना भएको प्रहरीको अनुमान छ । पौष महिनामा मोटरसाइकल चालक र सवार गरी ९ जनाको मृत्यु भएको छ । पौषमा ४५ वटा सवारी दुर्घटना हुँदा ३२ वटा मोटरसाइकलमात्र छन् ।

भदौ र श्रावण महिनामा भएको मोटरसाइकल दुर्घटनामा परी मृत्यु हुने त्यसमा सवार तथा चालकको संख्या ५/५ जना रहेको छ । भदौंमा ५७ वटा सवारी दुर्घटना हुँदा मोटरसाइकलको संख्या २७ र श्रावणमा ८७ वटा सवारी दुर्घटना हुँदा मोटरसाइकलको संख्या ४९ रहेको कार्यालयले जनाएको छ । असोजमा २ मंसिरमा १, माघमा ३ र फागुनमा ४ जनाको मोटरसाइकल दुर्घटनामा परी निधन भएको छ । मोटरसाइकल दुर्घटनामा परी २ सय ५७ जना गम्भीर घाइते भएका छन् । ती सबै मोटरसाइकल चालक र त्यसमा सवार हुन् । त्यसैगरी ३ सय १६ जना सामान्य घाइते भएको प्रहरीसँग अभिलेख छ । अधिकांश मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुने गरेको छ । साँघुरो सडक, अत्यधिक सवारी चाप र तीव्र गतिका कारण दिनहुँ दुर्घटना हुने गरेको प्रहरीको अनुसन्धानले देखाएको छ । अझ प्रहरीको उपस्थिति नहुने क्षेत्रमा पुरै लापरवाही हुने गरेको छ । यस्तो समस्या ग्रामीण क्षेत्रका सडकमा धेरै रहेको प्रहरीको भनाई छ । चालक अनुमतिपत्रबिना सवारी चलाउन नपाइने नियम भएपनि लाइसेन्सबिना सवारी साधन चलाएका घटना प्रशस्त रहेका छन् । उनीहरु कारवाहीमा पर्ने गरेको प्रहरीको भनाई छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले ठाउँठाउँमा सवारी चेकजाँच, जनचेतनाका कार्यक्रमसँगै गति परीक्षणका लागि उपकरण मगाएर र विद्यालय-कलेजहरुका विद्यार्थीहरुलाई लक्षित गरी ट्राफिक जनचेतनाका कार्यक्रम पनि गर्दै आएको छ । मोटरसाईकल दुर्घटना भए सायदै मात्र मान्छे बाँच्ने गरेको एक प्रहरी अधिकारी बताउँछन् ।जिल्लामा सवारी नियम उल्लंघन गर्नेमा बढी मोटरसाइकल नै रहेका छन् । कार्यालयले नियमित एवम् छड्के चेकजाँचका क्रममा सवारीसाधनलाई कारवाही गर्ने गरेको छ।

सवारीसाधनका आवश्यक कागजात नबोक्ने, क्षमताभन्दा बढी बोक्ने, जथाभावी पार्किङ गर्ने, हेल्मेट नलगाउने, डिजिटल हर्न बजाउने, मादक पदार्थ सेवन गरी सवारी चलाउने कारवाहीमा परेका हुन् । सवारी चालकले गर्ने गल्तीको प्रकृति अनुसार जरिवाना गरिने कार्यालयले जनाएको छ । सवारी दुर्घटनामा कमी ल्याउन कार्यालयले बेलाबखत जिल्लाका अलग अलग स्थानमा गरेको छड्के चेकजाँच गर्ने गरेको छ ।

## कचनकवलका राजवंशीले मलेसियामा गरे आत्महत्या



झापा(प्रस)। वैदेशिक रोजगारीका लागि मलेसिया गएका झापा कचनकवल ६ बनियानीका ४१ वर्षीय लखन राजवंशीले झुन्डिएर आत्महत्या गरेका छन् । मलेसियाको जोहोर राज्यमा पर्ने गेलाङ पटाह ,जोहोरबारु भन्ने ठाउँमा अवस्थित पीटीपी (Port of Tanjung Pelepas sdn.bhd.) कम्पनीमा कार्यरत राजवंशीले शनिवार कोठामै झुन्डिएर आत्महत्या गरेको उनीसंगै काम गर्ने एक नेपाली कामदारले आफन्तलाई जानकारी दिएका छन् ।

परिवारका अनुसार आत्महत्या गरेका राजवंशी मलेसिया रोजगारीमा गएको झण्डै ७ बर्ष भएको थियो। उनका श्रीमती र १० बर्षीय छोरा रहेका छन्।घरपरिवारमा निरन्तर सम्पर्कमै रहेका राजवंशीले फेसबुक स्टाटसमा अलविदा लेखेर आत्महत्या गरेको जनाइएको छ । उनको शव नेपाल ल्याउन पहल भइरहेको परिवारले जनाएको छ ।







नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# घुमुवा प्रहरीको घुमाइ

झापामा पनि घुमुवा प्रहरीका कारण धेरै नराम्रा घटना भएका छन् । घुमुवा प्रहरीले आफ्नो निहीत स्वार्थ पूरा गर्न सर्वसाधारणलाई धेरै दुःख दिएका थिए । घुमुवा प्रहरीको अराजकता बढ्दै गएको देखिएकै बेला गृहमन्त्री रवि लामिछानेले 'घुमुवा प्रहरी' परिचालन नगर्न निर्देशन दिएका छन् । सादा पोसाकमा परिचालन गरिने घुमुवा प्रहरीहरू गलत कार्यमा संलग्न भएको उदाहरण विभिन्न समयमा सार्वजनिक हुँदै आएको थियो । गृहमन्त्रीको निर्देशनपछि बदनाम घुमुवा प्रहरी परिचालन बन्द भएमा प्रहरी सुधारका क्षेत्रमा उल्लेखनीय उपलब्धि हुनेछ । शान्ति सुरक्षा कायम गर्ने दायित्व भएका निकायका लागि गोप्यरूपमा सूचना सङ्कलन गर्नु पनि अत्यावश्यक हुनसक्छ । त्यसका लागि अपनाइने विभिन्न उपायमध्ये सादा पोसाकमा प्रहरी जनशक्ति परिचालन पनि एउटा महत्वपूर्ण उपाय हुनसक्छ । तर, सादा पोसाकमा परिचालित हुनहरूले प्रायः सामान्य प्रक्रिया र कार्यविधिको समेत पालना नगर्दा समाजमा सिङ्गो प्रहरी संगठनकै बदनाम भएको छ । सादा पोसाकमा परिचालित प्रहरीहरू सम्बन्धित प्रहरी कार्यालयका प्रमुखको प्रत्यक्ष मातहतमा रहन्छन् । घुमुवाहरू जुन अधिकृतप्रति उत्तरदायी हुन्छन् । तिनले गर्ने सही वा गलत कामका लागि सम्बन्धित अधिकृत पनि जिम्मेवार हुनुपर्छ । आफूलाई खटाउने अधिकृतको सह वा निर्देश नभई गैरव्यावसायिक क्रियाकलापमा लाग्ने आँट घुमुवा प्रहरीले बिरलै गर्नसक्छन् ।

विभिन्न अपराधमा घुमुवा प्रहरी संलग्न भएको पाइएपछि प्रहरीले नै तिनलाई पक्राउ गरी कारबाहीको दायरामा ल्याएको छ । पक्कै पनि अधिकांश घटना प्रहरीसम्म नपुगेको हुनुपर्छ । मूलतः डर र कतिपय अवस्थामा प्रहरीबाट कारबाही नहुने र झन् असुरक्षित हुने डरले प्रहरीको ज्यादती वा प्रहरीका नाममा भए गरिएका अपराधमा उजुरी गर्न हिचकिचाउने प्रवृत्ति जनमानसमा व्याप्त छ । त्यसो त अहिले यसरी सादा पोसाकमा प्रहरी परिचालन गर्नु नै गैरकानुनी हुन्छ । सर्वोच्च अदालतले २०८० भदौमा नै घुमुवा प्रहरी लुटपाट र चोरीमा संलग्न भएको पाइएपछि निश्चित कानुन बनाएरमात्र घुमुवा प्रहरी परिचालन गर्ने निर्देशात्मक आदेश जारी गरिसकेको छ । नेपाल प्रहरीले सर्वोच्च अदालतको आदेश तत्काल पालना गरेको भए त्यसपछि प्रहरी थप बदनाम पक्कै हुने थिएन ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# युग सुहाउँदो नेतृत्व



• उपेश महर्जन

भनिन्छ, समाजवादको विश्वव्यवस्था सिद्धान्त अनुसार मेट्रापोलिसले स्याटलाइटलाई आफ्नो छातामुनि राखेको हुन्छ । अर्थात् (कोर) मध्यले (पेरिफेरि) पृष्ठलाई आफ्नो नियन्त्रणमा राखेको हुन्छ । अहिलेको २१ औं शताब्दीमा विश्व भूमण्डलीकरणको अवस्थाले केही हदसम्म परिवर्तन भइरहेको आभास हुन्छ । सामाजिक रूपमा उपरिसंरचनाले विशेषतः दैनिक सूक्ष्म जीवनलाई अभिमुखीकरण गरिरहन्छन् भन्ने मान्यतालाई अहिले विश्वमा उदाउँदा नयाँ विचार र नयाँ नेतृत्वले विश्व राज्यव्यवस्थालाई प्रभावित पारिरहन सक्छ भन्ने तथ्य साबित हुँदै गएका छन् ।

भूमण्डलीकरण (ग्लोबलाइजेसन) ले स्थानीयता (लोकलाइजेसन) लाई प्रभावित पारिरहन्छ । अहिलेको सूचना र प्रविधिमा आएको उल्लेखनीय विकाससँगै विश्व एक सानो गाउँमा परिवर्तन भइसकेकाले विगतको अवस्थामा फेरबदल भएको छ । अहिले स्थानीयताले पनि भूमण्डलीकरणलाई कहीँ न कहीँ प्रभावित परिरहेको हुन्छ । त्यसैले समाजवादी संरचनाको यथार्थतावाद न हिजो जस्तो ग्लोबल नै छ न त ९० को दशकमा जस्तो लोकल नै छ । अहिले ग्लोकल अर्थात् ग्लोबलसँगै लोकल पनि छ भनेर समाजशास्त्रीले व्याख्या र विश्लेषण गर्न थालेका छन् ।

नेपालको युग सुहाउँदो प्रचण्ड युगलाई समयसापेक्षताको सिद्धान्तमा आधारित भएर अहिलेको सत्ता समीकरण र यसले ल्याएको वैश्यिक प्रभावलाई यहाँ प्रस्तुत गर्ने जमर्को गरेको छु । देश र भूगोल ठुलो वा सानो हुनाले तात्त्विक रूपमा कुनै अर्थ राख्दैन । युग सुहाउँदो विचार र नेतृत्वको कसीमा खरो उत्रनु सक्ने नेताको सक्षमता, दक्षता र भविष्यद्रष्टाका कारणले सो देश र नेता कतिको शक्तिशाली छ भन्ने मापन गर्न सकिन्छ । नेपालको पछिल्लो राजनीतिक घटनाक्रमले पनि सोही अनुसार दिशानिर्देश गरेको देखिन्छ । राजनीतिक इच्छाशक्ति दृढ हुन सके र स्वच्छ छविका साथ देश र जनताका लागि दूरगामी महत्वसहित राष्ट्रिय भावनाले ओतप्रोत भएर केही गरुँ भन्ने हुटहुटीलाई सोही अनुसार अगाडि बढाउन सके अवश्य पनि सफल भइन्छ भन्ने कुराको पुष्टिसमेत भएको छ ।

विगतका गठबन्धनका सहयात्रीलाई अग्रगमनको मझदारमा छोडेर उहाँ एक्लै अगाडि बढ्नुभएको पक्कै होइन । जुन उद्देश्यले समृद्धि, विकास, सुशासन, सामाजिक न्याय, समाजवादउन्मुख लोकतन्त्र र संघीयता कार्यान्वयन गर्न गठबन्धन निर्माण गरिएको थियो, सो अनुसार नगएकै कारणले अल्पआयुमै सो गठबन्धनको बन्धनबाट नेपाली जनतालाई मुक्ति दिलाउनुभएको हो । सरकारले ल्याएका नीति तथा कार्यक्रमलाई पूर्णतः सफल हुने दिशामा क्रियान्वयन गराउने प्रधानमन्त्री प्रचण्डको हुटहुटीलाई साथ दिने मित्रशक्तिले नबुझ्दा र बुझ्दा बुझ्दै पनि सहयोग गर्न आनाकानी गरेका कारणले उहाँले यस्तो कदम उठाउन बाध्य हुनुभएको हो । उहाँ रणनीतिसम्म पुग्ने कार्यदिशाका लागि कार्यनीतिलाई दायाँबायाँ गरेर आफ्नो सुस्पष्ट मार्गमा आफूसँगै अन्य साझेदारी दललाई पनि एकताबद्ध गरेर लैजाने हिम्मत गर्नुहुन्छ । जसको कारणले कहिले दक्षिणपन्थको सहारा त कहिले वामपन्थको सहारा लिनुहुन्छ । उस्तै पऱ्यो भने छलाङ्मय गतिमा आफ्ना गतिविधि गर्न कतैबाट अवरोध गरिए भने सरकार, सदन र सडकका तीन वटै मोर्चामा रहेर पनि उहाँले जनतासामु आफ्ना कुरा प्रत्यक्ष रूपमा राख्नुहुन्छ । महाविपत्तिको सामना गर्नैपर्ने बाध्यता आई परे भने क्रान्तिकारी पार्टीसँग समीकरण, संयुक्त मोर्चा, गठबन्धन र पार्टी एकता गरेर क्रमभङ्ग गर्ने आँट कसैसँग हुन्छ भने उहाँसँग मात्रै त्यस्तो विशेषता देखिन्छ ।

नेपालको समकालीन इतिहासमा जिउँदा र आफ्नो सैद्धान्तिक विचारलाई विश्वसामु व्यावहारिक रूपमा पुष्टि गर्न सक्ने हैसियतमा कोही हुनुहुन्छ भने प्रचण्ड मात्र हुनुहुन्छ । हुन त नेपालमा बिपी कोइराला, गणेशमान सिंह, पुष्पलाल श्रेष्ठ, मदन भण्डारीलगायतले पनि आआफ्नै विचारलाई जन्माउनु भयो तर अहिलेसम्म करिब चार दशकदेखि नेपाली समाजवादी (कम्युनिस्ट) विचारधाराको नयाँ प्रयोगको रूपमा एक अब्बल राजनीतिज्ञको रूपमा उहाँले आफूलाई प्रमाणित गर्दै आउनुभएको छ । जनयुद्ध वा सशस्त्र क्रान्तिको थालनी गरेर देशको ८० प्रतिशत भूभागको नेतृत्व मात्र गर्नुभएको होइन नेपालबाट विश्वक्रान्तिको झन्डा फहराउन सक्ने नयाँ दिशाबोधसहित मार्क्सवादको चौथो शृङ्खलाका रूपमा प्रचण्डपथलाई जन्माउनुभएको छ । शान्तिवार्ताको एक प्रमुख हस्ताक्षरकर्ता हुँदै विश्व राजनीतिक शक्ति सन्तुलनमा आएको फेरबदलका कारण रणनीतिसम्म पुग्न सोही अनुसार कार्यनीतिलाई पनि परिवर्तन गर्दै ठोस वस्तुको ठोस विश्लेषण गरेर जानु पर्छ भन्ने उहाँ स्पष्ट प्रखरवक्ता हुनुहुन्छ ।

जनयुद्ध लडेदेखि नेपाली राजनीतिक परिदृश्यमा यो वा त्यो रूपमा प्रत्यक्ष /परोक्ष रूपमा उहाँको पदचापलाई कसैले पनि बेवास्ता गर्न सकेको छैन । अहिले आएर तेस्रो दलको हैसियतमा रहे पनि उहाँले आफ्नो अनुकूलतामा आफ्नो विचार र सिद्धान्तलाई नेपालमा व्यावहारिक रूपमा प्रयोग गर्दै जानुभएको छ । यो व्यावहारिक प्रयोगवाद उहाँले नेपाल हुँदै अन्तर्राष्ट्रिय रूपमा पनि हस्तक्षेपकारी ढङ्गले सुरुवात गरिसक्नुभएको छ । 'इतिहास जनताले बनाउँछ र त्यसको नेतृत्व नेताले गर्छ' भन्ने भावनालाई एक इन्च पनि तल माथि नगर्ने हो भने जमेको राजनीतिक निकासका लागि उथलपुथल, क्रमभङ्ग, महान् विपत्ति र महान् छलाङ्गमय गतिमा सोही अनुसार हुन्छ । यस अर्थमा पनि देश वा पार्टी सानो हुँदैमा केही हुँदैन, विचार र सिद्धान्तसहित इच्छाशक्तिलाई समयानुकूल लागु गर्न सक्ने बहुआयामिक दृष्टिकोण चाहिन्छ । नीति र सिद्धान्त सही हुनु आवश्यक छ । त्यसलाई वस्तुगत परिस्थितिको विश्लेषण गर्दै अग्रगमनतिर दोहोऱ्याउनु पर्छ ।

हो, प्रधानमन्त्री प्रचण्डले केही वर्षअघि गर्नुभएको विजातीय गठबन्धनको स्थानमा अहिले कोर्ष करेक्सन गर्दै सजातीय समीकरणको नेतृत्व गर्नुभएको छ । नेपाली जनताले दिएको म्यान्डेट पनि नेपालमा समाजवाद मन पराउने पार्टीहरूको समीकरण र सो समीकरणको नेतृत्वमा समाजवादको आधारशिला निर्माण गर्न नीति तथा कार्यक्रमलाई हरेक निकायमा क्रियान्वयन गरोस् भन्ने ध्येय छ । फलस्वरूप उहाँको नेतृत्वमा रहेको समाजवादी मोर्चामा समेत नेपालको वामपन्थी आन्दोलनमा सक्रिय रहेको नेकपा (एमाले) लाई पनि समेट्ने प्रयासको थालनी भएको छ । यसअघि नै नेकपा (माओवादी केन्द्र) सहित जनता समाजवादी पार्टी (जसपा) नेपाल, नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) र नेत्रविक्रम चन्द 'विप्लव सी' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी सहभागी छन् । उहाँले विगत सँगै जनयुद्ध लडेका विभिन्न क्रान्तिकारी पार्टीहरूलाई पनि ध्रुवीकृत गर्दै मूलधारको शान्तिपूर्ण राजनीतिमा ल्याउने कसरतमा हुनुहुन्छ ।

उहाँले आन्तरिक र बाह्य राजनीतिका अन्तरविरोधलाई सही रूपमा पहिल्याउन सकेका कारणले १० वर्षे जनयुद्धलाई सात दलसँग संयुक्त मोर्चा निर्माण गर्दै शान्तिपूर्ण रूपमा क्रान्तिको विकास गर्नुभयो । पहिलो संविधान सभा चुनावमा पाएको बहुमतको सरकार सञ्चालन गरेर समाजवादी संविधान निर्माणको आधारशिला तयार, दोस्रो कार्यकालमा सरकारका गतिविधिलाई जनशैली अनुसार अनुसरण गर्ने र परिपक्व सरकार सञ्चालनका लागि कदम चाल्नुभयो । अहिले तेस्रो कार्यकालमा आएर उहाँले नयाँ संविधानको प्रस्तावना भएका समाजवादलाई व्यावहारिक रूपमा क्रियान्वयन गर्न मार्गप्रशस्त गर्नुभएको छ ।

यस्तै, उहाँले जनयुद्धको शङ्खघोष गर्दा र जनयुद्धताका अन्तर्राष्ट्रिय रूपमा आफ्नो विचार फैलाउनका लागि दक्षिण एसियाली माओवादी सङ्गठन 'कम्पोसा' र अन्तर र्राष्ट्रिय क्रान्तिकारीको सङ्गठन 'रीम' लाई पनि नेतृत्व गर्नुभयो । अहिले सरकारको नेतृत्व गरिरहँदा ४५ वटा अल्पविकसित देश एलडिसीको नेतृत्व गर्दै औद्योगिक देशहरूले उत्सर्जन गर्ने कार्बनको कारणले कम कार्बन उत्सर्जन गर्ने देशलाई धेरै क्षति पुगेको भन्दै क्षतिपूर्ति पाउने नैसर्गिक अधिकार भनेर संयुक्त राष्ट्रसंघमा प्रस्तुत हुनुभयो । यसरी पृष्ठ वा स्याटलाइटमा रहेको देशका नेताको विचार स्पष्ट छ भने मुलुकको मात्र होइन सिङ्गो विश्वलाई नै नेतृत्व गर्न सक्छ भन्ने दृष्टान्त उहाँले स्थापित गर्नुभएको छ । त्यसैले समाजवादी कोणबाट हेर्दा अहिलेको समीकरण समयसन्दर्भ मिलेको र सजातीय वर्गको रहेको देखिन्छ । उहाँले यो समीकरणलाई दीर्घकालसम्म अग्रगमनतिर दोहोऱ्याउन सफल हुने छ । छिमेकी देशलाई समानान्तर रूपमा विश्वासमा लिन सकेको र विश्व राजनीतिमा फेरबदल भएको शक्ति सन्तुलनलाई पनि उहाँले सूक्ष्म रूपमा विश्लेषण गर्नुभएको देखिन्छ ।

हालै, प्रधानमन्त्री प्रचण्डले विश्वभर चलेको इस्वी संवत्सँगै नेपालकै मौलिक संवत् नेपाल संवत्को मोबाइल एप र तिथिमिति डट कमलाई सरकारीस्तरबाट सञ्चालन गरेर अर्को स्थानीयतालाई अर्थात् मौलिकतालाई बढावा दिनुभएको छ । नेपाल संवत्लाई सरकारी मान्यता प्रदान गरेर कामकाजमै प्रयोगमा ल्याउने निर्णय गर्नुले मौलिक संवत्लाई न्यायपूर्ण व्यवहार गरिएकाले नेपालको अपनत्व गर्ने गरिमा थपेको छ । राणा प्रधानमन्त्री चन्द्रशमशेर जबराले १९६१ साल वैशाखदेखि नेपाल संवत्लाई हटाए पनि सय वर्षपछि पुनः विसं २०६५ मा पहिलो पटक प्रधानमन्त्री हुनुभएका प्रचण्डले राष्ट्रिय संवत्को मान्यता दिनुभयो । उहाँ दोस्रो पटक प्रधानमन्त्री हुँदा २०७३ सालमा सरकारी कामकाजी संवत्को रूपमा घोषणा गर्दै तेस्रो पटक प्रधानमन्त्री बहाल हुँदा सरकारी दस्तावेजमा नेपाल संवत् उल्लेख गर्ने निर्णय गर्नुभएको हो । अहिलेको सत्ता समीकरणसँगै उहाँले केही दिनअघिदेखि मोबाइल एप र तिथिमिति डट कमलाई मान्यता दिनु चानचुने विषय होइन । साधारण जनता शङ्खधरले ११४४ वर्षअघि तत्कालीन काठमाडौं र भक्तपुरका गरिब जनताको ऋणमुक्त गराएको स्मरण चलेको यस्तो संवत्लाई अख्तियार दिनु ग्लोबलमा चलेको इस्वी संवत् मात्र होइन स्थानीय (लोकल) संवत्को पनि औचित्य साबित गर्नुभएको हो । यो संवत् विगतमा चीन (तिब्बत) र भारतका विभिन्न राज्यहरूमा प्रचलनमा रहेका थिए । यस अर्थले पनि नेपाली मौलिकतालाई संरक्षण दिनु र प्रवर्धन गर्न नेपाली समाजका अर्थराजनीतिसँगै सांस्कृतिक पक्ष पनि उदीयमान रहेको सन्देश दिएको मान्न सकिन्छ ।

# सामाजिक न्याय र समृद्धिको संकल्प



• नरेन्द्र केसी

सत्ता सहयात्रा परिवर्तन भएर गत फागुनदेखि नयाँ सहयात्रा सुरु भएको छ । नेपाली कांग्रेससहितको गठबन्धनमा फेरबदल भएर नयाँ गठबन्धन सुरु भएको छ । जसमा नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, जनता समाजवादी पार्टी नेपाल र नेकपा एकीकृत समाजवादी सामेल छन् । नागरिक उन्मुक्ति पार्टीले पनि सरकारको पक्षमा विश्वासको मत दिइसकेको छ । सरकारमा सामेल पाँच राजनीतिक दलले गत चैत ६ गते न्यूनतम नीतिगत प्राथमिकता र साझा सङ्कल्प सार्वजनिक गरेका छन् । अब सरकारको नीति तथा कार्यक्रम र बजेट निर्माण गर्नुका साथै सरकार सञ्चालनका लागि यो सङ्कल्पपत्र महत्वपूर्ण आधार बन्ने छ । संघीय सरकार मात्र होइन, प्रदेश सरकारका लागि पनि यो सङ्कल्प महत्वपूर्ण मार्गदर्शन हुने छ ।

पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकार बनेदेखि नै सुशासन, सामाजिक न्याय र समृद्धिलाई मूल मुद्दा बनाएर सरकार अघि बढिरहेको छ । प्रचण्ड सरकारकै निरन्तरता भएकाले सरकारको मूल लक्ष्य र दृष्टिकोण यथावत् रहे पनि सत्ता सहयात्राबाट केही दल निस्केको र केही सामेल भएको सन्दर्भमा पाँच दलको साझा सङ्कल्पपत्रले त्यसलाई थप स्पष्ट पार्ने काम गरेको छ । सङ्कल्पपत्रले प्रस्तावनामै सरकारको दिशा स्पष्ट गरिसकेको छ । संविधानको मर्म र भावनाविपरीत राज्यसञ्चालनमा प्रकट विचलनलाई रोकेर संघीय लोकतान्त्रिक गणतन्त्र सुदृढ गर्न विद्यमान आर्थिक शिथिलता, दण्डहीनता एवं व्यावसायिक निराशालाई चिर्दै जनतामा राज्यप्रति आशा र भरोसा पैदा गर्ने एजेन्डालाई नयाँ गठबन्धनले प्राथमिकतामा राखेको छ ।

त्यस्तै समाजमा विशेषतः युवामा प्रकट नैराश्य, आक्रोश र नकारात्मक सोच परिवर्तन गरी सबै संघर्ष र आन्दोलनले ल्याएको दूरगामी महत्वका उपलब्धिको रक्षा गर्ने, राष्ट्रिय स्वाधीनता, सार्वभौमसत्ता तथा भौगोलिक अखण्डता र नेपाल राष्ट्र तथा नेपाली जनताको सर्वोपरि हितलाई केन्द्रमा राखेर सुदृढ र सन्तुलित अन्तर्राष्ट्रिय सम्बन्ध विकास गर्ने सवाललाई पनि सङ्कल्पपत्रमा महत्वका साथ प्रस्तावमै राखिएको छ ।

प्रत्येक नेपालीलाई आफ्नो इतिहास र स्वाभिमान, संघर्ष र बलिदान, परिवर्तन र उपलब्धिप्रति गौरवबोध गराउने, राष्ट्रिय आवश्यकता तथा जनचाहना अनुरूप समाजवाद उन्मुख आर्थिक-सामाजिक रूपान्तरणका लागि राजनीतिक स्थायित्व, सुशासन, विकास र सामाजिक न्यायसहित समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्ने सङ्कल्प महत्वका साथ अघि सारिएको छ । सङ्कल्पपत्रमा आर्थिक शिथिलता अन्त्य गर्ने, वित्तीय संस्थालाई विसङ्गतिमुक्त बनाउने, संघीयता कार्यान्वयन र संरचनात्मक सुधारलाई जोड दिने, छरितो सेवा प्रवाहसँगै सुशासन कायम गर्ने, काम-रोजगारी-उद्यमशीलता र स्वदेशी उत्पादनमा वृद्धि गर्ने जस्ता उद्देश्यलाई प्राथमिकतामा राखिएको छ ।

यी उद्देश्य पूरा गर्न शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा, भौतिक पूर्वाधार विकास र अन्तरनिकाय समन्वय, ऊर्जा विकास, सूचना र सञ्चार, भूमि व्यवस्था, वन-वातावरण, जलवायु अनुकूलन र विपत् व्यवस्थापन, युवा र खेलकुद, पर्यटन, संस्कृति तथा सामाजिक सद्भाव जस्ता क्षेत्रको विकासलाई प्रमुख सवालका रूपमा अघि सारिएको छ । नयाँ सत्ता साझेदार दलले अघि सारेको प्रमुख सवाल आर्थिक पुनरुत्थान नै हो । गत वर्ष प्रचण्ड नेतृत्वको सरकार बन्ने बेलामा देशको आर्थिक अवस्था निकै दयनीय थियो । कतिपय विश्लेषकले नेपालको अर्थतन्त्र श्रीलङ्काको अवस्थामा पुग्ने टिप्पणी गरिरहेका थिए ।

एक वर्षको बिचमा जसरी अर्थतन्त्रका आन्तरिक र बाह्य सूचकमा परिवर्तन आयो, यो चानचुने सुधार होइन, महत्वपूर्ण परिवर्तन नै हो । चालु आर्थिक वर्षको सात महिनाको अवधिमा २९७ अर्ब ७२ करोड रुपियाँले शोधनान्तर बचत हुनु, विदेशी विनिमय सञ्चिति १९.९ प्रतिशतले वृद्धि भई झन्डै १८ खर्ब ४५ अर्ब रुपियाँ बराबर पुग्नु, व्यापार घाटा १.८ प्रतिशतले घट्नु, मुद्रास्फीति ५.१ प्रतिशतमा सीमित गरिनु, कर्जा प्रवाह ४.७ प्रतिशतले वृद्धि हुनु आदि आर्थिक पुनरुत्थानको सवालमा महत्वपूर्ण सूचक हुन् । आन्तरिक उत्पादन र रोजगारी वृद्धिमा अपेक्षित प्रगति हुन नसकेको स्वयम् प्रधानमन्त्रीले पनि स्वीकार गरिहनुभएको छ । यो कोणबाट हेर्दा आगामी आवमा आन्तरिक उत्पादन र रोजगारी वृद्धिमा केन्द्रित हुनुपर्ने सरकारको काँधमा थप दायित्व र कार्यभार छ ।

सत्तारूढ पाँच दलको सङ्कल्पपत्रले तात्कालिक र मध्यकालीन लगानी तथा रोजगारमैत्री नीतिगत सुधारमा बाधा पुऱ्याउने विभिन्न कानुन संशोधन गर्ने, सार्वजनिक वित्तको दिगो व्यवस्थापनमा चुनौतीका रूपमा रहेको राजस्व र खर्चबिच बढिरहेको अन्तर कम गर्न राजस्वमा सुधार ल्याउने, सरकारी खर्चमा मितव्ययिता, वैदेशिक सहयोगका नवीन स्रोतको पहिचान र परिचालन गर्नु आवश्यक छ । विप्रेषण आप्रवाहलाई उत्पादनशील गतिविधिमा लगाउने र सेयर बजारलाई नीतिगत सुधारमार्फत चलायमान बनाउने जुन उद्घोष गरेको छ, यसलाई अब कार्यक्रमिक रूप दिन ढिलाइ गर्नु हुँदैन ।

आगामी आवको योजना निर्माण यसर्थ पनि थप महत्वपूर्ण छ कि पन्ध्रौँ योजना कार्यान्वयनको वस्तुनिष्ठ समीक्षासहित सोह्रौँ राष्ट्रिय योजना प्रारम्भ गर्नुपर्ने छ । पाँच दलले सङ्कल्प गरे जस्तै अब नयाँ आवधिक योजना आरम्भ गर्दा डिजिटलाइजेसन, पर्यटन, कृषि, ऊर्जा र हरित औद्योगिकीकरणलाई रोजगारमूलक आर्थिक वृद्धि एवं संरचनात्मक रूपान्तरणका नयाँ आधारका रूपमा परिभाषित गर्दै सन् २०३० भित्र दिगो विकास लक्ष्य हासिल गरी 'सम्मानजनक मध्यम आय भएको अर्थतन्त्र' निर्माणको दिशामा सिङ्गो मुलुकलाई केन्द्रित गर्नुपर्ने बेला आएको छ ।

अर्थतन्त्र सुधारकै अर्को पाटोका रूपमा वित्तीय संस्थाहरूलाई विसङ्गतिमुक्त बनाउने दिशामा पनि अघि बढ्नुपर्ने बेला आएको छ । प्रचण्ड नेतृत्वको सरकार बनेदेखि नै यसमा महत्वपूर्ण पाइला चालिएको छ । सहकारी, लघुवित्तजस्ता आधुनिक संस्थाहरूमा देखिएको विकृति अन्त्य गर्ने मात्र होइन, मिटरब्याज जस्तो सामन्ती अर्थव्यवस्थाको अवशेषका रूपमा अनुचित लेनदेनको प्रचलनलाई सदाका लागि नामेट गर्ने प्रक्रिया सुरु भएको छ । यो अभियानलाई पूर्ण रूपमा सफल बनाउनुपर्ने दायित्व छ ।

आर्थिक सुधारसँगै संघीयता कार्यान्वयन र संरचनागत सुधारलाई पनि नयाँ गठबन्धनले प्राथमिकतामा राखेको छ । समावेशिता, धर्मनिरपेक्षतासहित संघीयता कार्यान्वयनसँग सम्बन्धित बाँकी कानुन निर्माण गरी सबै तहका सरकारलाई प्रभावकारी बनाउनुपर्ने दायित्व बाँकी नै छ । सुशासन प्रचण्ड सरकारले थालेको सुधार अभियानको महत्वपूर्ण पहलु हो, योबिचमा सुशासनको पक्षमा महत्वपूर्ण काम भएका छन् । सुशासनको महत्वपूर्ण क्षेत्र सहज सेवा प्रवाह पनि हो ।

'सार्वजनिक पदमा रहेका सबै भ्रष्ट, सबै निकम्मा' का रूपमा व्याप्त भावनालाई बदल्न 'बेइमानी गर्नेले कानुनी रूपमा सजाय पाउँछ' भन्ने उदाहरण प्रस्तुत हुने गरी सार्वजनिक प्रशासन, न्यायालय र सम्बद्ध नियामक निकायमा जवाफदेहिता सुनिश्चित गर्ने जुन सङ्कल्प दलहरूले गरेका छन्, यो पनि महत्वपूर्ण छ । प्रचण्ड सरकारको

❖ बाँकी तेस्रो पृष्ठमा

# एमाले पाँचथरको अध्यक्षमा सापकोटा सर्वसम्मत



पाँचथर(प्रस)। नेकपा एमाले पाँचथरको नवौं अधिवेशनमा उपाध्यक्ष र उपसचिवसहित केही सदस्य पदमा मतदान हुने भएको छ ।

अध्यक्ष र सचिव पदमा सहमति भएपनि उपाध्यक्षसहित केही पदमा आकांक्षी व्यवस्थापन नहुँदा मतदानबाटै टुंगो लगाउन लागिएको निर्वाचन समितिले जनाएको छ ।

अध्यक्ष पदमा हाल कार्यवाहकको जिम्मेवारी निर्वाह गर्दै आएका विष्णुप्रसाद सापकोटा र सचिव पदमा उपसचिव पृथ्वी लावती सर्वसम्मत भएका छन् । निर्वाचन समितिले यसको आधिकारिक घोषणा भने गरिसकेको छैन ।

उपाध्यक्षमा वीरबहादुर कुरुम्वाङ र नरबहादुर गुरुङ तथा उपसचिव पुरुषतर्फ तुलसी थापा र जयप्रकाश केरुङ तथा उपसचिव महिलातर्फ कमलकुमारी योङहाङ र कौशिला आङदेम्बेको उम्मेद्वारी परेकाले ती पदमा निर्वाचन हुने देखिएको हो ।

यस्तै, सदस्य खुल्लातर्फ ५ जना आवश्यक पर्नेमा १२ र अपाङ्गता क्लष्टरबाट एक पद रहेकोमा २ जनाको उम्मेदवारी दर्ता भएको निर्वाचन मण्डलका सूचना अधिकारी टिका तिम्सिनाले जानकारी दिए । एमाले जिल्ला कमिटी पाँचथर ७५ सदस्यीय रहने वैधानिक प्रावधान रहेको तिम्सिनाको भनाइ छ ।

# झापामा सर्वसम्मतको प्रयास जारी

झापा(प्रस) । नेकपा एमाले झापाको ११ औं जिल्ला अधिवेशनमा सबै पदहरुमा सर्वसम्मत गर्ने तयारीका साथ नेताहरु कसरतमा लागेका छन् । पदाधिकारीमा पनि अध्यक्ष, उपाध्यक्ष र उपसचिवमा सर्वसम्मत भएपछि अन्य पदहरुमा पनि सर्वसम्मतका लागि नेताहरु जुटेका छन् ।

निर्वाचन कार्यतालिका अनुसार आइतवार निर्वाचन हुने मिति तय भएको थियो । तर, मुख्य पदहरुमा सर्वसम्मत भएपछि अन्य पदहरुमा पनि सर्वसम्मत गर्न नेताहरुले प्रयास गरिरहेका छन् । त्यसका लागि कार्यतालिका नै संशोधन गरिएको छ । अध्यक्षमा प्रेम गिरी, उपाध्यक्षमा शिव ढुंगेल सर्वसम्मत भइसकेका छन् । उपसचिव पुरुषमा असारु राजवंशी र महिला उपसचिव पदमा अनिता कन्दङ्वा पनि सर्वसम्मत भइसकेको बताइएको छ । सचिव पदमा तुलसी कार्की र बोधप्रसाद घिमिरेले उम्मेदवारी दर्ता गराएका छन् ।

सदस्यहरुमा ६ वटा पालिकामा सर्वसम्मत भइसकेको अध्यक्ष मण्डलका अध्यक्ष विशाल भट्टराईले जानकारी दिए । उनले अन्य पालिकाहरुमा पनि सर्वसम्मतका लागि नेताहरु छलफलमा रहेको बताएका छन् । नेता भट्टराईले भने, '१५ समूहमा क्लस्टर बनाएर छलफल चलिरहेको छ । सबै उम्मेदवारको भावना सम्बोधन गरेर



सर्वसम्मत गर्ने प्रयास जारी छ । सकेसम्म निर्वाचनमा नजाऔं भन्ने छ, अधिकतम मेहनतबाट पनि सर्वसम्मत नभए प्रक्रियामा जानुको विकल्प पनि छैन ।'

जिल्ला कमिटीको सदस्य पदमा हल खुल्लाबाट छानिनुपर्ने ८ जनाको लागि ४३ जनाले मनोनयन दर्ता गराएका छन् भने महिला चार जनाको लागि ९ जना, युवा खुल्ला दुई जनाको लागि ६ जना र युवा महिला एक जनाको लागि एक जनाको मात्रै मनोनयन दर्ता भएको छ । सूचना अनुसार युवा महिला पदमा उम्मेदवारी दिने निर्विरोध निर्वाचित भएकी छन् ।

पालिका क्लस्टरअन्तर्गत कमल गाउँपालिकाको कोटामा पर्ने जिल्ला सदस्य संख्या सात जना रहेको छ । सोमध्ये खुल्ला भूगोलबाट चार पदका लागि ८ जनाको मनोनयन दर्ता भएको छ भने महिला दुई जनाका लागि निर्विरोध दुईजना र युवा एकजनाका लागि तीन जनाको मनोनयन दर्ता भएको छ ।

पालिका क्लस्टरअन्तर्गत बाह्रदशी गाउँपालिकाले पाँच जना सदस्य पाएकोमा खुल्ला भूगोल दुई जनाको लागि चारजनाको मनोनयन परेको छ । सो पालिकाबाट महिला दुई जनाको लागि दुई जना र युवा एक जनाको लागि एक जनाको मात्र उम्मेदवारी परेकाले उनीहरु निर्विरोध निर्वाचित भएका छन् ।

झापा गाउँपालिकाको लागि ५ जना सदस्य कोटा रहेकोमा खुल्ला भूगोलमा दुईजना, महिला दुईजनामा एकजना मात्र र युवा एकजनामा एकजनाको मात्र मनोनयन दर्ता भएको छ ।

कचनकवल गाउँपालिकाका लागि पाँचजना जिल्ला सदस्यको कोटा रहेकोमा खुल्ला भूगोल दुई जनाका लागि दुईवटा मनोनयन दर्ता भएको छ भने महिला दुई जनाका लागि दुई जना र युवा एक जनाका लागि एक जनाले मात्र मनोनयन दर्ता गरी पालिकालाई निर्विरोध निर्वाचित गर्न सफल भएका छन् ।

यसैगरी शिवसताक्षी नगरपालिकाका लागि छुट्याइएको ११ जना जिल्ला सदस्यको लागि खुल्ला छ जनाको लागि १३ वटा मनोनयन परेको छ । महिला तीनजनाको लागि ७ जनाको नाम दर्ता भएको छ भने युवाअन्तर्गत पुरुष क्लस्टरका लागि एक जनाको ठाउँमा दुईवटा र महिला क्लस्टरका लागि एक जनाको ठाउँमा दुईवटा मनोनयन दर्ता भएको छ ।

गौरादह नगरपालिकाको लागि जिल्ला कमिटी सदस्य ८ जनाको कोटा निर्धारण गरिएकोमा खुल्ला ४ जनाका लागि चारवटा , महिला ३ जनाको लागि तीन वटा र युवा एक जनाका लागि दुई वटा मनोनयनपत्र दर्ता भएको छ ।

यसैगरी अर्जुनधारा नगरपालिकाको लागि १० जना जिल्ला सदस्य आउने व्यवस्था भएअनुसार खुल्ला भूगोल ५ जनाका लागि १३ जनाले मनोनयन दर्ता गराएका छन् । यस्तै महिला तीनजनाका लागि सात जनाले, युवा पुरुष एकजनाका लागि तीनजनाले र महिला एकजनाका लागि एकजनाको मात्रै मनोनयन दर्ता भएको छ ।

भद्रपुर नगरपालिकाका लागि जिल्ला कमिटी सदस्यमा ७ जनाको कोटा निर्धारण गरेर उम्मेदवारी दर्ता गर्दा खुल्ला चार जनाको लागि ९ जनाको मनोनयन दर्ता भएको छ। यस्तै महिला दुई जनाको लागि चार जनाको र युवा एक जनाको लागि दुई जनाको मनोनयनपत्र दर्ता भएको निर्वाचन समितिद्वारा प्रकाशित नामावलीमा उल्लेख छ ।

कन्काई नगरपालिकाको लागि ७ जना जिल्ला सदस्य छुट्याइएकोमा खुल्ला चारको लागि नौ जना, महिला २ को लागि दुई जना र युवा एकको लागि तीन जनाले मनोनयन दर्ता गरेका छन् ।

यसैगरी दमक नगरपालिकाको लागि १० जनाको कोटा निर्धारण गरिएको छ। जस अनुसार खुल्ला ५ जनाको लागि १२ जनाले मनोनयन दर्ता गराएका छन् भने महिला तीनजनाको लागि छ जनाले नाम दर्ता गराएका छन्। युवा खुला एक पदको लागि तीन जनाको मनोनयन परेको छ भने युवा महिला एक जनाको लागि दुई जनाको मनोनयन दर्ता भएको छ ।

गौरीगञ्ज गाउँपालिकाको लागि चारजना सदस्यको कोटा छुट्याइएको छ। जस अनुसार खुल्ला दुई जनाको लागि दुई

❖ बाँकी अन्तिम पृष्ठमा

## सामाजिक...

पन्ध्र वर्षे अभ्यासले सुशासन सम्भव छ भन्ने मान्यता स्थापित गर्दै 'भिआइपी कल्चर' तोड्न ऐतिहासिक कामको थालनी गरेको छ । "गणतन्त्रमा गल्ती गर्न गर्नु हुँदैन, गल्ती गरे पहुँचका आधारमा उन्मुक्ति पाइँदैन" भन्ने जुन तथ्य स्थापित भएको छ, यसले भोलिका दिनमा पनि सुशासन कायम गर्न महत्वपूर्ण मार्गनिर्देश गर्ने छ ।

माथि पनि थोरै चर्चा गरियो कि अर्थतन्त्रका बाह्य सूचकमा प्रगति भए पनि आन्तरिक उत्पादन र रोजगारी तथा स्वरोजगारी वृद्धि हुन सकिरहेको छैन ।

पाँच दलको सङ्कल्पपत्रले स्वदेशी उत्पादन र स्वदेशी उपभोगलाई प्रोत्साहन गर्दै राष्ट्रिय पुँजीको विकास गर्ने, कृषिलाई आर्थिक वृद्धि, रोजगारी सिर्जना, गरिबी निवारण, औद्योगीकरण, निर्यात व्यापार र आपूर्ति व्यवस्था अभिवृद्धिको प्रमुख क्षेत्रका रूपमा विकास गर्ने, भन्सार नियमनका माध्यमबाट समेत स्वदेशी उद्योग र उत्पादनलाई संरक्षण गर्ने, ज्याला रोजगारी र स्वरोजगार दुवै क्षेत्रमा कामको अवसर सिर्जना गर्ने गरी 'मेक इन नेपाल' अभियान सञ्चालन गर्ने, स्वदेशको रोजगारीलाई आकर्षक र मर्यादित बनाउने, वैदेशिक रोजगारीलाई सुरक्षित र सिप सिक्ने (स्किल गेन) माध्यम बनाउने जुन उद्घोष गरेको छ, यो लक्ष्य प्राप्तिका लागि उपयुक्त कार्यक्रम बनाउनु सरकारको महत्वपूर्ण दायित्व हुने छ ।

संविधानले नै नेपाललाई समाजवाद उन्मुख राज्यको परिकल्पना गरेको छ । समाजवादको आधार तयार गर्न वर्तमान सत्ता गठबन्धन थप अनुकूल हुने छ किनकि यसमा समाजवादको मुख्य अवयवका रूपमा रहेका समानता, स्वतन्त्रता र सामूहिकतालाई विश्वास गर्ने दलको बाहुल्य छ । समाजवादको आधार तयार गर्न शिक्षा, स्वास्थ्य र सामाजिक न्यायमा जोड दिनुपर्ने छ । पाँच दलले यसका लागि गरेको सङ्कल्प महत्वपूर्ण नै छ ।

सबैको समान पहुँच भएको राष्ट्र, समाज तथा जीवनसँग जोडिएको र समय अनुरूप अनुमोदित हुने गुणस्तरीय शिक्षा नीति अवलम्बन गर्दै ' उद्यमशील शिक्षित युवा' को नीति कार्यान्वयन गर्ने, मौलिक हकका रूपमा रहेको स्वास्थ्य, खाद्य, आवास र खानेपानीको अधिकार सुनिश्चित गर्ने, श्रमको सम्मान, मर्यादित काम, न्यायोचित ज्याला, सामाजिक सुरक्षा एवं असल औद्योगिक श्रम सम्बन्धलाई श्रम नीतिका आधारभूत मान्यताका रूपमा स्थापित गर्ने, मजदुर, किसान, श्रमजीवी र विपन्न वर्गलाई समृद्धिको केन्द्रमा राख्ने सङ्कल्पपत्रको उद्घोष महत्वपूर्ण छ । यसलाई कार्यक्रमिक रूप दिएर कार्यान्वयनमा लैजान सक्ने हो भने समाजवाद उन्मुख राज्यको परिकल्पनालाई नजिक ल्याउन सहयोग पुग्ने छ ।

सरकारले ध्यान दिनुपर्ने अबको अर्को महत्वपूर्ण सवाल पूर्वाधार विकास हो । त्यसका लागि निर्माणाधीन पूर्वाधार आयोजना कार्यान्वयनलाई तीव्रता दिने, सम्पन्न भइसकेका आयोजनाको तत्काल भुक्तानी गर्ने व्यवस्था मिलाउने र समयमै कार्य सम्पन्न नगर्ने निर्माण कम्पनीको लाइसेन्स खारेज गरी क्षतिपूर्ति असुल गर्ने पाँच दलले जुन सङ्कल्प गरेका छन्, यसमा दृढतापूर्वक अघि बढ्नु पर्छ । आगामी आवदेखि तीन करोडभन्दा न्यून रकमका योजनामा संघले बजेट विनियोजन नगर्ने प्रधानमन्त्रीले यसअघि नै उद्घोषण गरिसक्नुभएको छ । यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकेमा कनिका छरेको शैलीमा बजेट बाँड्ने तर परिणाम शून्य हुने अवस्थामा कमी आउने छ । विकास आयोजना पहुँच होइन, आवश्यकताका आधारमा अघि बढाउनु पर्छ । नेपालमा एकातिर स्रोतसाधनको अभाव छ भने अर्कोतिर भएको स्रोतको सदुपयोग नहुँदा पूर्वाधार विकासमा गुणात्मक फड्को मार्न सकिएको अवस्था छैन ।

अहिले ऊर्जाको क्षेत्रमा जुन गुणात्मक विकास भइरहेको छ, यसलाई अझै बढाउँदै दस वर्षमा दस हजार मेगावाट विद्युत् भारतलाई बिक्री गर्ने जुन ऐतिहासिक सम्झौता प्रधानमन्त्री प्रचण्डको भारत भ्रमणका बेलामा भएको छ, यसलाई पूरा गर्न अब ऊर्जा विकासको दशककै रूपमा मुलुकलाई अघि बढाउनुपर्ने आवश्यकता छ । सूचना र प्रविधि जीवनशैली बने पनि डिजिटल पूर्वाधार विकासमा अत्यधिक ध्यान दिनुपर्ने आवश्यकता छ ।

इन्टरनेटलगायतका सूचना प्रविधिका अत्याधुनिक पूर्वाधार तयार गर्ने, डिजिटल नेपाल फ्रेमवर्कलाई आवश्यक परिमार्जनसहित कार्यान्वयन गर्ने, सार्वजनिक सेवा र उत्पादनका क्षेत्रमा डिजिटल प्रविधिको प्रयोग बढाउने र डाटा सर्भरमा आत्मनिर्भरता कायम गर्दै साइबर सुरक्षा सुनिश्चित गर्ने पाँच दलको सङ्कल्प छ, यसलाई पनि कार्यक्रमिक रूप दिएर अघि बढ्नुको विकल्प छैन । त्यसो त सञ्चार तथा सूचना प्रविधिको क्षेत्रमा नीतिगत, कानुनी र संरचनात्मक रूपमा महत्वपूर्ण थालनी भई नै सकेको छ । अब यसलाई पूर्णता दिन सञ्चार तथा सूचना प्रविधि आजको आधारभूत आवश्यक र राष्ट्रको प्राथमिकताको क्षेत्र हो भन्ने तथ्यमा सिङ्गो राष्ट्र एकमत हुन आवश्यक छ र सरकारले सोही अनुरूप लगानीको वातावरण बनाउनुपर्ने अवस्था छ ।

गठबन्धन परिवर्तनको महत्वपूर्ण आधारका रूपमा लिइएको सङ्क्रमणकालीन न्याय र दिगो शान्तिको सवाल जति सक्यो चाँडो सम्बोधन गर्ने विषय हो । यसका लागि पाँच दलले शान्ति प्रक्रियाका बाँकी काम टुंग्याउन तत्काल कानुनी प्रबन्ध गर्ने, पीडितलाई केन्द्रमा राखी तथ्यको आधारमा सत्य स्थापित गर्ने, सत्यको आधारमा न्याय, क्षतिपूर्ति, परिपूरण, माफी र मेलमिलापका माध्यमबाट द्वन्द्वसृजित पीडाको सम्बोधन गर्ने जुन उद्घोषण गरेका छन्, यसलाई आगामी वर्षसम्म पनि नपर्खेर तत्काल सम्बोधन गर्न आवश्यक छ । शान्ति प्रक्रियासँग सम्बन्धित कानुन निर्माण गर्न सकिएमा यसले एकातिर गठबन्धनको आधार बलियो बनाउने छ भने अर्कोतिर डेढ दशकदेखि पूरा हुन नसकेको शान्ति प्रक्रिया टुङ्गियो भने देशमा शान्तिका सवालमा ऐतिहासिक काम हुने छ ।

# वडा कार्यालयलाई डस्टविन वितरण

भद्रपुर(प्रस) ।राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. भद्रपुर झापाले संस्थाको रजत जयन्तीको अवसरमा भद्रपुर नगरपालिकाभित्रका ३ वटा वडा कार्यालयलाई डस्टविन वितरण गरेको छ। अध्यक्ष वशिष्ठ अधिकारीको नेतृत्वमा वडा नं ७ , ८ र १० का वडा कार्यालयमा पुगेर सहकारीका संचालकहरुको टोलीले ३० थान डस्टविन वितरण गरेको हो । अध्यक्ष अधिकारीले सहकारीको सामाजिक उत्तरदायित्वअन्तर्गत वडा कार्यालयलाई सरसफाई गर्न सहयोग पुग्ने उद्धेश्यले वडा नं ७ र १० मा ८-८ थान र वडा नं ८ मा १४ थान डस्टविन वितरण गरिएको बताए ।




नगर प्रमुख गणेश पोखरेलको उपस्थितिमा वडा नं ७ का वडा अध्यक्ष अभिषेख ढुङ्गाना , ८ का वडा अध्यक्ष मनोज सुब्बा र १० का वडा अध्यक्ष टेकबहादुर खड्का काजीलाई ती सामग्री हस्तान्तरण गरिएको सहकारीले जनाएको छ ।

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष: प्रतिस्पर्धामा विजयी भइनेछ । बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको

वृष: आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । व्यवसायमा गरिएको लगानीमा मन्दी

मिथुन: धार्मिक कार्य र सभासमारोहमा सरिक हुने सम्भावना छ । जटिल ठानिएको सम्पादन

कर्कट: आज कुनै कुराले मनमा शान्ति छाउनेछ ।पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको

सिंह: सोचेजस्तो लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ । घरायसी व्यवहारबाट टाढै बस्नु

कन्या: रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । रोकिएका

तुला: आफन्तसँग मनमुटाव बढ्ला । आफूलाई कमजोर भएको अनुभूति हुनेछ ।

वृश्चिक: हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ । सम्पत्ति लाभ गर्न अनुकूल प्रयास

धनु: आज परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ । चिताएको कामले तीव्रता लिनेछ

मकर: आज लाभदायी यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिवारजनको साथले नयाँ आशा

कुम्भ: आज दैनिक काम बिचमै रोक्नु पर्दा आर्थिक भार पर्न सक्छ । व्यापार

मिन: आज शुभकार्यको चर्चा चल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् ।